गोलन्जोर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड २ संख्या १ मितिः२०७५/१२/१४

**भाग-१**

**गोलन्जोर गाउँपालिका**

## **गोलन्जोर गाउँपालिकाको** आपत्कालिन तथा जोखिममा रहेका वालवालिकाका लागि आकस्मिक कोष (संञ्चालन) कार्यविधि, २०७५

**कार्यपालिकावाट पारित मितिः२०७५/१२/१४**

# गोलन्जोर गाउँपालिकाको
## आपत्कालिन तथा जोखिममा रहेका वालवालिकाका लागि
## आकस्मिक कोष (संञ्चालन)
## कार्यविधि, २०७५

# गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको
# कार्यालय ग्वालटार सिन्धुली

# “आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाका लागि आकस्मिक कोष (सञ्चालन) कार्यविधि, २०७५”

यस गाउंपालिका क्षेत्र भित्र बसोबास गर्ने बालबालिकालाई आपत्कालिन तथा जोखिममा परेको अवस्थामा तत्काल सहयोग गरी निजलाई थप जोखिम हुनबाट जोगाउन र संरक्षण गर्न गाउं पालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० एवं दफा ११ त. १ मा व्यवस्था भए बमोजिम आवश्यक व्यवस्था गर्न आवश्यक भएकोले यो कार्यविधि जारी गरेको छ ।

## १. कोषको नाम र प्रारम्भ :

(क) यस कोषको नाम “आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाका लागि आकस्मिक कोष(सञ्चालन) कार्यविधि, २०७५” रहेको छ ।

(ख) यो कार्यविधि नगर गाउंपालिका सभाबाट पारित भएको मिति देखि प्रारम्भ हुनेछ ।

## २. परिभाषा :

(क) “आपत्कालिन तथा जोखिममा रहेका बालबालिका” भन्नाले १८ वर्ष उमेर पुरा नभएका यस कार्यविधिको दफा ४ बमोजिम कोषबाट सहयोग प्राप्त गर्ने समूहका लाभग्राही बालबालिका सम्झनुपर्छ ।

(ख) “सञ्चालक समिति” भन्नाले दफा ५ बमोजिम गठित कोष व्यवस्थापन तथा सञ्चालक समिति सम्झनुपर्दछ ।

(ग) “कोष” भन्नाले आपत्कालिन अवस्था तथा जोखिममा रहेका बालबालिकालाई सहयोग गर्न यसै कार्यविधिद्धारा सञ्चालन हुने आकस्मिक कोषलाई बुझ्नु पर्दछ ।

(घ) “कार्यविधि” भन्नाले आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाका लागि आकस्मिक कोष(सञ्चालन) कार्यविधि, २०७५ भन्ने बुझनुपर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले गाउंपालिका भन्ने सम्झनुपर्दछ ।

(च) “प्रमुख” भन्नाले गाउंपालिकाको प्रमुख भन्ने सम्झनुपर्दछ ।

(छ) “अध्यक्ष” भन्नाले वडा अध्यक्ष भन्ने बुझ्नुपर्दछ ।

(ज) "बालबालिका" भन्नाल १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई सम्झनुपर्दछ ।

## ३. उद्देश्य :

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) आपत्कालिन तथा जोखिममा रहेका बालबालिकालाई तत्कालिन सहयोग गरी निजहरुको संरक्षणमा सहयोग पुऱ्याउने,

(ख) बालबालिकालाई थप जोखिम हुनबाट जोगाउने,

## ४. कोषबाट सहयोग प्राप्त गर्ने समूहका बालबालिका :

(क) बाबु आमा दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

(ख) बाबु आमा दुबैको मृत्यु भई आफन्त(परिवारका अन्य नातेदार)को रेखदेखमा रहेका बालबालिका,

(ग) पितृत्व वा मातृत्वको ठेगान नभई अलपत्र अवस्थामा फेला परेका बालबालिका,

(घ) आमा बाबु दुवै मानसिक रोगी, पूर्ण अपाङ्गता, वेपत्ता भई उनिहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

(ङ) बाबु आमा वा बाबु वा आमाले परित्याग गरी अलपत्र बेवारिस छाडिएका बालबालिका,

(च) बाबु वा आमा वा दुवैले अर्को विवाह गरी वेवास्था गरिएका तथा संरक्षणको समस्या भएका बालबालिका,

(छ) बालबालिका विरुद्धको अपराध, यौन दुर्व्यवहार, हिंसाको कारण मनोसामाजिक तथा कानूनी उपचार गर्नु पर्ने आर्थिक विपन्न परिवारका बालबालिका,

(ज) बौद्धिक तथा इन्द्रीय सम्बन्धी दीर्घकालिन अशक्त भएका विपन्नताको कारण संरक्षणको समस्या भएका बालबालिका,

(झ) अलपत्र वेवारिस फेला परेका विरामी बालबालिका,

(ञ) प्रकोप वा मानवजन्य विपत्ती वा द्वन्द्व वा अन्य कुनै कारण बावु आमा दुवैको मृत्यु भएको, कोही पनि आफन्त नभई अरुको रेखदेखमा बसेका बालबालिका,

र सुत्केरी महिला ।

## ५. कोषको स्थापना :

कार्यपालिकाले वडाका क्षेत्रभित्र आपत्कालिन तथा जोखिममा रहेका बालबालिकालाई तत्काल सहयोग गर्न यो कोषको स्थापना तथा सञ्चालन गरिने छ । कोषको रकम जम्मा गर्न कोषको मुद्धति निक्षेप खाता वा कोषको बचत वा चल्ती खाता खोलिने छ । कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउंपालिकाले कोष स्थापना र सञ्चालनको निम्ति जम्मा गरेको रकम,

(ग) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, उद्योग तथा व्यवसायीहरुबाट कोषमा जम्मा गरिएको रकम,

(घ) व्यक्तिहरुबाट तथा पेशा व्यवसायमा संलग्नहरुबाट सहयोग स्वरुप जम्मा गरिएको रकम,

(ङ) कोषमा अन्य कुनै श्रोतबाट प्राप्त रकम,

## ६. कोषको रकम खर्च गर्ने प्रक्रिया :

कोषको रकम देहाय बमोजिम खर्च गरिनेछ ।

(क) कोषमा प्राप्त हुने रकम मध्ये ८० प्रतिशत रकम कोषको अक्षय कोष खडा गरी बैकमा बचत वा मुद्धति खाता खोली जम्मा गरिने छ । सो रकमबाट बालबालिकालाई आपत्कालिन सहयोग गर्न खर्च गरिने छ ।

(ख) कोषमा प्राप्त हुने कुल रकमको २० प्रतिशत रकम बालबालिकालाई आपत्कालिन खर्च गर्ने गरी अध्यय कोषबाट प्राप्त व्याज जम्मा हुने बचत वा चल्ली बैंक खातामा जम्मा गरिने छ ।

(ग) कोषको बचत वा चल्ती खाता सञ्चालन गर्न संयोजक र दूई जना कोष सञ्चालक सदस्यहरु गरी तीनजनाको दस्तखत हुने गरी संयोजक र कुनै एक जना सदस्यको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गरिनेछ ।

(घ) कोषबाट दफा ४ मा उल्लेख गरिएको समूहका बालबालिकालाई सहयोग गरिनेछ ।

(ङ) कोषबाट एक जनालाई एक पटक सहयोग गरिन्छ । तर एक पटक भन्दा बढि सहयोग गर्नुपर्ने अवस्था भए सञ्चालक समितिको निर्णयले थप दुइ पटक सहयोग गर्न सकिने छ ।

(च) रु. २,०००।– भन्दा बढिको सहयोग चेक मार्फत गर्नुपर्ने छ ।

(छ) कोषबाट एक पटकमा १००० देखि बढीमा रु ५०,०००।- सम्म सहयोग गर्न सकिन्छ ।

## ७. कोषको सञ्चालन व्यवस्था :

(१) कोष सञ्चालनको निम्ति देहाय वमोजिम ७ जनाको कोष व्यवस्थापन तथा सञ्चालक समिति रहनेछ :

(क) गाउंपालिका प्रमुखबाट मनोनित वडाको अध्यक्ष/महिला सदस्य / सदस्यहरुबाट १ जना सदस्य- श्री संयोजक

(ख) गाउंपालिकासंग कार्यरत बालबालिकासंग सम्बन्धित गैरसरकारी सामाजिक संघसंस्थाहरु मध्येबाट सामाजिक विकास शाखाले मनोनित गरेको १ जना- श्री सदस्य

(ग) गाउंपालिका स्तरिय बाल क्लव सञ्जालबाट समाजिक विकास शाखाले मनोनित गरेको १ जना- सदस्य श्री सदस्य

(घ) वडा बाल संरक्षण समिति र वडा बाल संरक्षण समितिहरु मध्येबाट सामाजिक विकास शाखाले मनोनित गरेको १ जना- श्री सदस्य

(ङ) स्थानीय सामुदायिक वा सार्वजनिक माध्यमिक विद्यालयबाट सामाजिक विकास शाखाले मनोनित १ जना शिक्षक- श्री सदस्य

(च) कोषमा सहयोग गर्ने स्थानीय दाताहरु मध्येबाट सामाजिक विकास शाखाले मनोनित १ जना- श्री सदस्य

(छ) सामाजिक विकास शाखाका कर्मचारी १ जना- श्री तिर्थ कुमार भण्डारी सदस्य सचिव

(२) समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

## ८. कोष व्यवस्थापन तथा सञ्चालक समितिको काम, कर्तव्य, दायित्व तथा अधिकार :

कोष व्यवस्थापन तथा सञ्चालक समितिको काम, कर्तव्य, दायित्व तथा अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस कोषबाट सहयोग गर्नुपर्ने दफा ४ मा उल्लेख गरिएका लाभग्राही बालबालिकाको पहिचान गरी जोखिमको अवस्था हेरी तत्काल सहयोग गर्ने, रु.२,०००।–सम्मको सहयोग संयोजकको एकल निर्ययबाट र सो भन्दा बढि रकमको सहयोग गर्नु पर्ने अवस्थामा समितिको बैठकबाट निर्णय गर्नु पर्नेछ ।

(ख) कोषको व्यवस्थापन र सञ्चालन गर्ने,

(ग) कोषबाट गरिने सहयोग रकमको निर्धारण एवं वितरण गर्ने,

(घ) कोषको रकम बृद्धि गर्न उपयुक्त रचनात्मक तथा प्रबर्धनात्म कार्य गर्ने,

(ङ) कोषको आय व्ययको विवरण अध्यावधिक गरी नगर सभामा पेश गर्ने,

(च) कोषको रकम बृद्धिमा सहयोग गर्ने सहयोगकर्ताहरुको विवरण अध्यावधिक गर्ने,

(छ) बालबालिकाको संरक्षण र सहयोगको निम्ति सरोकारित सरकारी निकायहरु, छिमेकी पालिकाहरु, बालबालिकासंग काम गर्ने गैरसरकारी संस्थाहरु, बाल हेल्पलाइन नेपालसंग आवश्यक समन्वय गर्ने, स्थानिय तहहरु

(ज) आपत्कालिन अवस्थामा जोखिमयुक्त बालबालिकाको संरक्षणको निम्ति आवश्यक कार्य गर्ने,

## ९. कोष व्यवस्थापन तथा सञ्चालक समितिको बैठक :

कोष व्यवस्थापन तथा सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्ने छ ।

(क) आपत्कालिन तथा जोखिममा रहेका बालबालिकाको निम्ति तत्काल सहयोग रकमको निर्णय गर्न संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बैठक बस्नेछ ।

(ख) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ । संयोजक अनुपस्थितिमा नगरबाल संरक्षण समितिबाट प्रतिनिधित्व गर्ने सदस्यले गर्नेछ ।

(ग) सञ्चालक समितिले सहमतिय आधारमा निर्णय गर्ने छ र सहमति नभएमा उपस्थित गणपुरक संख्याको बहुमतिय आधारमा निर्णय गर्नेछ । गणपरक संख्या

(घ) सञ्चालक समितिको नियमित बैठक प्रत्येक दुई महिनामा नकट्ने गरी वर्षको ६ पटक बस्नेछ ।

## १०. कोष को रकम खर्च गर्न नपाइने :

देहायको कार्यमा कोषको रकम खर्च गर्न पाइनेछैन ।

(घ) सञ्चालक समितिको बैठक खर्च,

(ख) कोषको प्रशासनिक, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन वा सो प्रकृतिको अन्य खर्च,

(ग) बालबालिकाको अनुगमन तथा स्थलगत भ्रमण खर्च,

१८ वर्ष भन्दा मुनिका बालबालिकाको भन्दा अन्य क्षेत्रमा कोष गर्न पाइने छैन ।

## ११. कोषबाट सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :

यस कोषबाट सहयोग पाउन बालबालिका, बालबालिकाका अभिभावक वा संरक्षक वा संरक्षित संस्थाले कोष व्यवस्थापन तथा सञ्चालक समितिमा निवेदन दिनु पर्ने छ ।

## १२. कोषको स्वामित्व गोलन्जोर  गाउंपालिका तथा संशोधन :

यस कोषको स्वामित्व तिनपाटन  गाउंपालिकामा रहनेछ । यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा कोष व्यवस्थापन तथासञ्चालक समितिको दुइ तिहायी सदस्यको निर्णयले प्रस्ताव पेश गरी गाउं सभाबाट आवश्यक भएमा परिमार्जन समेत गरी पास संशोधन गर्न सकिनेछ ।

## १४. लेखा परीक्षण :

कोषको आय तथा व्ययको लेखापरीक्षण प्रचलित नियमानुसार दर्ता भएका लेखा परीक्षकद्वारा वार्षिक रुपमा गरी गाउं सभाबाट अनुमोदन गरिनेछ ।

## १५. बचाउ :

यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसंग बाझिएमा बाझिएका हदसम्म लागू हुनेछैन ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

**समाप्त**